# जुगल गाउँपालिका
# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड :- ६ | संख्या :- **११** | कार्यपालिकाबाट स्वीकृत :- २०८०/०८/१८ |

## भाग —२(ङ)

## कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०८०

जुगल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बराम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश,नेपाल

# कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०८०

**प्रमाणिकरण मिति २०८०।०८।१८**

**प्रस्तावना :** जुगल गाउँपालिका कृषि क्षेत्रमा प्रशस्त सम्भावना बोकेको पालिका हुनाले यस क्षेत्रको व्यवसायीकरण गरी प्रमुख कृषिजन्य बस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी आन्तरिक मागको पूर्ति गर्दै आयात प्रतिस्थापन तथा निर्यात प्रर्वद्धन गर्न र सरकारी अनुदानमा वास्तविक कृषकहरुको पहुँचलाई सुनिश्चित गर्न यो कार्यविधि जारी गरिएको छ ।

**१. संक्षित नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **" कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिका बैठकले पारित गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. **"गाउँपालिका"** भन्नाले जुगल गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले जुगल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ग. **"शाखा प्रमुख"** भन्नाले जुगल गाउँपालिका, कृषि विकास शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

घ. **"गाउँ कार्यपालिका"** भन्नाले जुगल गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ङ. **"कार्यक्रम"** भन्नाले कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम सम्झनु पर्दछ ।

च. **"समिति"** भन्नाले यस कार्यविधिको दफा ७ को उपदफा (२) बमोजिम गठित छनौट समितिलाई सम्झनु पर्दछ ।

छ. **"अनुदानग्राही"** भन्नाले जुगल गाउँपालिकामा कृषि पेशामा संलग्न कृषकलाई सम्झनु पर्दछ ।

**३. उदेश्यहरु**

क. कृषि उपज सामग्रीको उत्पादन र उपादकत्वमा टेवा पुऱ्याउने ।

ख. गाउँपालिकाको कृषि उपज सामग्रीको आयात प्रतिस्थापन गर्ने ।

ग. युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्ने ।

घ. गाउँपालिकालाई विभिन्न प्रकारका कृषि उपजमा आत्मनिर्भर बनाउने ।

**४. कार्यक्रम सञ्चालन** : यस कार्यक्रमलाई जुगल गाउँपालिकाले सञ्चालन गर्नेछ।

**५. आवेदन आव्हान :** अनुदान कार्यक्रम सञ्चालनका लागि अनुसूची १ बमोजिम गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी आवेदन माग गर्न सक्नेछ र त्यस पछि माग अनुरुप सम्बन्धित कृषक / कृषक समुह / कृषि सहकारीले चालु आ.व. को माघ मसान्त सम्म निवेदन दिन पाउनेछन ।

**६. आवेदन संकलन :** दफा ५ बमोजिम सूचना प्रकाशित भएपछि कृषक / कृषक समुह / कृषि सहकारीले कृषि विकास शाखामा तल तोकिए अनुसारको कागजातसहित आवेदन दिनु पर्नेछ ।

क. निवेदन र कृषि गरेको/गर्ने विवरण (अनुसूची २ र अनुसूची ३)

ख. वडा कार्यालयको सिफारिस (अनुसूची ४)

ग. समुह वा संस्थाको हकमा सञ्चालक समितिको बैठकले अनुदान माग गरेको निर्णयको प्रतिलिपि

घ. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि र जग्गा भाडामा भए प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि

**७. छनौट प्रक्रिया :** (१) रीतपूर्वक पेश हुन आएका आवेदकहरुलाई सम्बन्धित शाखाको अनुगमन प्रतिवेदनको आधारमा छनौट समितिले प्राथमिकिकरण गर्नेछ ।

(२) छनौट समिति :

| | |
|---|---|
| आर्थिक विकास समिति संयोजक | संयोजक |
| अध्यक्षद्धारा मनोनित २ जना कृषक | सदस्य |
| अध्यक्षद्धारा मनोनित २ जना कार्यपालिका सदस्य (१ जना महिला सदस्य हुने गरी) | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

(३) आवेदन छनौट अनुसूची ६ बमोजिम हुनेछ ।

(४) छनौट भएका आवेदनहरु स्वीकृतिका लागि कार्यपालिका समक्ष छनौट समितिले सिफारिस गर्नु पर्नेछ।

**८. जानकारी दिन पर्ने** : १) छनौट समितिबाट स्वीकृत भएका कार्यक्रमको सम्बन्धमा सम्बन्धित पक्षलाई जानकारी दिन पर्नेछ र यसको जानकारी वडा कार्यालयलाई पनि गराउन पर्नेछ ।

२) उपदफा १ अनुसार जानकारी दिँदा ७ दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत उल्लेख गनुपर्नेछ ।

**९. सम्झौता गर्नुपर्ने :** कार्यक्रम सञ्चालनका लागि सम्झौता छनौट भएका कृषक / कृषक समुह / कृषि सहकारीले सम्झौताको लागि निवेदन पेश गनुपर्नेछ र गाउँपालिकाद्धारा तोकिएको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

**१०. अनुदान रकम र भुक्तानी प्रक्रिया :** (१) अनुदान रकम अनुसूची ६ मा रहेको मापदण्ड अनुसार हुनेछ । अनुदान बाहेकको थप स्रोत आवेदक आफैले व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम अनुदान रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

क. निवेदन

ख. वडा कार्यालयको कार्य सम्पन्न भई भुक्तानीको लागि सिफारिस

ग. कार्य सम्पन्न प्रतिवेदन (अनुसूचि ५)

घ. अनुदान कार्यक्रम सञ्चालन गर्ने स्थान र उत्पादित कृषि सामग्रीको फोटोहरु

ङ. कृषक समुह वा कृषि सहकारीको हकमा सञ्चालक समितिको बैठकले भुक्तानी मागको निर्णयको प्रतिलिपि

च. सम्झौता हुँदा बुझाएका सम्पूर्ण कागजातहरु

**११. अनुगमन** : सञ्चालित कार्यक्रमको गाउँपालिका स्तरीय अनुगमन समितिले अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

**१२. भुक्तानी दिन बाध्य नहुने :** (१) सम्झौतामा भए बमोजिम कार्य नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन ।

(२) सम्झौता गरेको आर्थिक वर्ष भित्र कार्य सम्पन्न गरी भुक्तानी लिन नआएमा भुक्तानी गरिने छैन ।

**१३. बाधा अड्काउ फुकाउ :** यस कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै दुविधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१४. प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ

## अनुसूची १

### दफा ५ सँग सम्बन्धित

**मिति :**

### उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

यस जुगल गाउँपालिकाको आ.व. २०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रममा अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा जुगल गाउँपालिका भित्रका कृषक, निजि फर्म, कृषक समुह तथा कृषि सहकारीबाट प्रस्ताव आव्हानका लागि यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र कृषि विकास शाखा मा तपसिल अनुसारका कागजात संलग्न गरी आवेदन पेश गर्नुहुन अनुरोध छ। साथै रीत नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल :

१. निवेदन र कृषि गरेको/गर्ने विवरण

२. वडा कार्यालयको सिफारिस

३. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र अन्यको हकमा सम्बन्धित निकायममा दर्ता भएको प्रमाणपत्र

३. समुह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान मागको निर्णयको प्रतिलिपि

४. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि र जग्गा भाडामा भए प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि

**अनुसूची २**
**दफा ६ को (क) सँग सम्बन्धित**
**निवेदन ढाँचा**

मिति

श्री कृषि शाखा प्रमुख ज्यू

जुगल गा.पा., बराम्ची ।

विषय : स्थलगत अनुगमन गरी कृषि उत्पादनमा आधारित अनुदान पाउँ भन्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा जुगल गाउँपालिकाको मिति ................मा प्रकाशित सूचना अनुसार यस /म....................ले गाउँपालिकाको सहयोगमा कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालनका लागि सूचनामा तोकिए बमोजिमका कागजात संलग्न राखी अनुदान पाउन यो दरखास्त पेश गरेको / गरिएको छ ।

निवेदक

**अनुसूची ३**

**दफा ६ को (क) सँग सम्बन्धित**

**उत्पादक कृषकलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागी हुने कृषकको विवरण**

१. कृषकको नाम

२. ठेगाना

३. उत्पादन सम्बन्धी विवरण :

४. गत वर्षको उत्पादन परिमाण :

५. यस वर्षको उत्पादन परिमाण :

६. बिक्रिको अवस्था :

७. रोजगारीको अवस्था :

कृषकको सही

**अनुसूची ४**

**दफा ६ को (ख) सँग सम्बन्धित**

**सम्बन्धित वडाको सिफारिस पत्र**

मितिः

विषय : सिफारिस सम्बन्धमा ।

श्री जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ..........मा प्रकाशित सूचना अनुसार ..........................कृषक / समुह /सहकारीले जुगल गाउँपालिका वडा नं...........को ...............रोपनी क्षेत्रफल / संख्या ....................भएको जग्गामा कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालनको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

.....................

वडाध्यक्ष

## अनुसूची ५

## दफा १० को उपदफा (२) सँग सम्बन्धित

## कार्य सम्पन्न प्रतिवेदनको नमूना

| क.स. | विवरण |
|---|---|
| १. | कृषकको नाम : |
| २. | ठेगाना : |
| ३. | उत्पादनको प्रकार : |
| ४. | उत्पादनको विवरण : |
| ५. | जम्मा उत्पादन : |
| ६. | प्रति इकाई अनुदान रु. |
| ७. | जम्मा अनुदान रकम रु. |

तयार गर्ने जाँच गर्ने सदर गर्ने

## अनुसूची ६

## दफा ७ को उपदफा (३) सँग सम्बन्धित

## विभिन्न कृषि उत्पादनको मापदण्ड र अनुदान रकम

| क.स. | बाली | न्यूनतम मापदण्ड | न्यूनतम उत्पादन | अनुदान (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | खाद्यान्न बाली (धान, मकै, गहुँ) | ५ रोपनी | १५ मुरी | प्रति मुरी ५०० | |
| २. | दलहल बाली | ०.५ रोपनी | १० पाथी | प्रति पाथी ५० | |
| ३. | तेलहल बाली | ०.५ रोपनी | १० पाथी | प्रति पाथी रु. ५० | |
| ४. | गोलभेडा | ०.५ रोपनी | ३० के.जी | प्रति के.जी रु.२० | |
| ५. | आलु बाली | ५ रोपनी | ५०० के.जी | प्रति के.जी रु.२० | |
| ६. | प्याज | ०.५ रोपनी | ३० के.जी | प्रति के.जी रु.२० | |
| ७. | लसुन | ०.५ रोपनी | ३० के.जी | प्रति के.जी रु.२० | |
| ८. | फलफुल | ०.५ रोपनी | २० के.जी | प्रति के.जी रु.५० | |
| ९. | मसला बाली ( अलैची, अदुवा, बेसार) | १ रोपनी | १०० के.जी. | प्रति के.जी. रु.२० | |
| १०. | रैथाने बाली (जौ, फापर, कोदो ) | ५ रोपनी | ८ मुरी | प्रति मुरी ५०० | |
| ११. | दुध | १ भैसी/गाई | २५० लि. | प्रति लिटर रु. २० | |
| १२. | मासु | १० खसीबोका/भेडा | २०० के.जी. | प्रति के.जी रु. १० | |
| १३. | अण्डा | १०० लेयर्स कुखुरा | २५०० वटा | प्रति अण्डा रु. ५ | |
| १४. | छुर्पी | १० वटा चौरी | ५० के.जी | प्रति के.जी ५० | |

आज्ञाले

प्रमुख प्रशासकिय अधिकृत